# लघुबीमा (प्रथम संशोधन) निर्देशन, २०८०

स्वीकृत मितिः २०८०/०९/१८

प्रस्तावनाः लघुबीमा सम्बन्धी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी निर्देशनहरुको नाम "लघुबीमा सम्बन्धी निर्देशन (प्रथम संशोधन) निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. लघुबीमा निर्देशन, २०७९ को दफा ११ मा संशोधनः लघुबीमा निर्देशन, २०७९ को दफा ११ को प्रतिबन्धात्मक वाक्यांस हटाई देहायको उपदफा (२) थपिएको छः-

"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राधिकरणले जारी गरेको निर्देशिका वा स्तरीकृत बीमालेख बमोजिम बीमा गर्दा सोही निर्देशिका वा बीमालेखमा उल्लेख भए बमोजिमको प्रत्यक्ष बीमा वापतको छुट प्रदान गर्न सकिनेछ ।"

३. लघुबीमा निर्देशन, २०७९ को दफा २० मा संशोधनः लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (१) मा देहायको सवारी साधन थपिएको छः-

(१) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले देहाय बमोजिमको सीमाभित्र रही बीमा व्यवसाय गर्नु पर्नेछः

| क्र.सं. | बीमाको किसिम | अधिकतम दायित्वको सिमा |
|---|---|---|
| २ | (क) मोटर लघुबीमा | रु. ५० लाख |
| | (ख) मोटर तेस्रो पक्ष बीमा | मोटर बीमादर सम्बन्धी निर्देशिका, २०७३ बमोजिम |

४. लघुबीमा निर्देशन, २०७९ को दफा २० मा संशोधनः लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वैदेशिक रोजगार (म्यादी) जीवन बीमा व्यवसायका लागि बीमांकको सिमा प्राधिकरणले जारी गरेको स्तरीकृत वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख सम्बन्धी निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ।"